मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

## छात्रवृत्ति / शैक्षिकवृत्ति कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/२९**

संघीय विशेष अनुदान कार्यक्रमको शैक्षिक विकासका लागि विशेष शैक्षिक परियोजना अन्तर्गत मधेश प्रदेश भित्र संचालित सामुदायिक विद्यालयका देहाय बमोजिमको विद्यार्थीहरूलाई सम्बन्धित स्थानीय तहले छनौट गरी सिफारिस गरेको आधारमा माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) मा अध्ययनरत विद्यार्थीहरूलाई मात्र देहायको शर्तमा प्रति विद्यार्थी रू. २,२००/- अक्षरेपी दुई हजार दुई सय रुपैया मात्र छात्रवृत्ति/शैक्षिकवृत्ति सम्बन्धित विद्यार्थीकै बैंक खातामा वितरण गरिने भएकोले सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८२ माघ १३ गते) भित्र छनौट गरी सम्बन्धित स्थानीय तहले यस मन्त्रालयमा पठाई दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरू**

१. यस कार्यक्रममा महानगरपालिकाको लागि १९२ जना, उपमहानगरपालिकाको लागि १०० जना, गाउँपालिका र नगरपालिकाको लागि ६९ जना विद्यार्थीहरूलाई सम्बन्धित स्थानीय तहले आफ्नो सरहद भित्रका विद्यालयसमेत संग समन्वय गरी विद्यार्थी छनौट र सिफारिस गर्नुपर्नेछ।

२. उल्लेखित कार्यक्रममा दलित सीमान्तकृत, विशेष संरक्षण आवश्यक रहेका, आर्थिक रूपले विपन्न, अपाङ्गता भएकाहरूलाई समावेश गराई अन्य सरकारी छात्रवृत्ति कार्यक्रममा नसमेटिएकामात्र विद्यार्थीहरूको नामनामेसी विवरण सहित सम्बन्धित स्थानीय तहले EMIS नम्बर र विद्यार्थीको बैंक खाता नं खुल्ने कागजात सहित यस मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

३. स्थानीय तहमा निर्धारित संख्या भन्दा बढी छात्रवृत्तिको लागि आवेदन परेमा निर्धारित संख्या मात्र सम्बन्धित स्थानीय तहले यस मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ। निर्धारित संख्या भन्दा बढी आवेदन परेमा निर्धारित संख्या छनौट गर्ने अधिकार सम्बन्धित स्थानीय तहको शिक्षा युवा तथा खेलकूद शाखालाई हुनेछ।

**यस सम्बन्धी थप जानकारीको लागि शाखा अधिकृत रामहृदय यादव – ९८४०९८८५८६**